
OPEN MIC
NEPAL
Listen. Verify. Report

अङ्क ५८
कार्तिक २३, २०७२

ओपन माईक नेपाल बुलेटिनको अठारौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम रस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समुदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# हल्ला



## कुभिण्डे, सिन्धुपाल्चोक

"भूकम्प पिडितहरुलाई सरकारले घर बनाइदिँदै छ रे। बिशेषगरी सिन्धुपाल्चोक र गोरखा जिल्लाका भूकम्प पिडितहरुलाई सरकारले घर बनाइदिने भन्ने सुनिएको छ।"

## माङ्खा, सिन्धुपाल्चोक

"चिन सरकारले सिन्धुपाल्चोका सबै पिडितहरुलाई आवास बनाइदिन्छ रे।"

## चरिकोट, दोलखा

"वर्ल्ड भिजनले भूकम्पले भत्किएका घर बनाइदिन्छ रे।"

# यथार्थ

भूकम्पका कारण घर पूर्ण रुपमा क्षति भएका र वैकल्पिक बसोबासको व्यवस्था नभएका परिवारलाई स्थायी आवास निर्माणका लागि सरकारले रु. २ लाख सम्मको आर्थिक सहायता दिने निर्णय गरेको छ। तर, वितरण कहिलेबाट शुरु गर्ने भन्ने बारेमा  हालसम्म निर्णय भएको छैन।

घर निर्माणमा गोरखा र सिन्धुपाल्चोकलाई विशेष प्राथमिकता दिने सरकारको योजना छैन।

सरकारले दिने सहयोग रकम वितरण शुरु गर्नुअघि केन्द्रीय तथ्याङ्क विभागले क्षतिको थप अध्ययन गरी संबन्धित परिवार सहायता प्राप्त गर्न योग्य छ कि छैन निर्धारण गर्नेछ। अध्ययन २०७२ पौष दोस्रो साताबाट शुरु हुनेछ।

पहिलो चरणमा गोरखा, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक र दोलखामा सर्वेक्षण गरिहने छ।


गत असारमा काठमाडौँमा सम्पन्न दाता सम्मेलनका क्रममा चिनले भूकम्प पछिको पुनर्निर्माणका लागि रु. ५० अर्ब अनुदान सहयोगको प्रतिवद्धता जनाएको छ। सिन्धुपाल्चोकमा घर बनाइदिने बारेमा चिनसँग सम्झौता भएको छैन।

वर्ल्ड भिजनले दोलखा वा अन्य कुनै पनि भूकम्प प्रभावित जिल्लामा घर बनाइदिने भन्ने योजना बनाएको छैन।

रुद्र सुवाल
उप महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग
९८४१२३२७७३

उज्ज्वल अमात्य
वर्ल्ड भिजन इन्टरनेशनल
९८४६०५१२०४

# सवाल



## गोरखा बजार, गोरखा

“भूकम्प पिडितलाई सरकारले दिने भनेको सहुलियत दरको ऋण कहिले र कसरी दिन्छ ? यो ऋण कस्तो ऋण हो ? धनीलाई मात्र सरकारको यो निर्णय लागू हुने भयो। गरिबको लागि कस्तो निर्णय आउँछ ?”

## छतिवन, मकवानपूर

“सरकारले प्रदान गर्ने भनेको होम लोनको विषयमा जानकारी प्राप्त गर्न उत्सुक छौं।”

## फूल्पिङडाँडा, सिन्धुपाल्चोक

“स्थायी आवास निर्माणका लागि सरकारले दिने भनेको ऋण कहिलेसम्म पाइन्छ भन्ने जिज्ञासा छ।”

# जवाफ

ऋण लिएर घर बनाउन चाहने भूकम्प-प्रभावित परिवारका लागि शहरी क्षेत्रमा रु. २५ लाख र ग्रामीण क्षेत्रमा रु. १५ लाख सम्मको २ प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले वितीय संस्थाहरूका लागि कार्यविधि जारी गरेको छ।

बैंक तथा वितीय संस्थाहरुले भूकम्प प्रभावित परिवारको ऋण तिर्न सक्ने क्षमताका आधारमा उनीहरूले पाउने ऋणको रकम निर्धारण गर्छन्। ऋण पाउनका लागि इच्छुक परिवारले बैंकले तोकेको कागजात उपलब्ध गराउनु पर्छ।

सामान्यतया गाविस वा नगरपालिकाको सिफारिस, आय विवरण, घरको डिजाइन, नागरिकताको प्रतिलिपी, धितोका कागजात जस्ता दस्तावेज आवश्यक पर्छ।


केहि बैंकहरुले ऋणको आवेदन लिन शुरु गरिसकेको जानकारी दिएका छन्। नजिकको बैंकको शाखाबाट ऋण पाप्त गर्ने विधिबारे थप जानकारी लिनहोस्।

सरकारले भूकम्प प्रतिरोधी घरको डिजाइन तयार पारि नसकेकोले र डिजाइन निर्माण स्वीकृतिको व्यवस्था अधिकांश गाउँहरुमा हालसम्म नभएकोले ऋण लिन आवश्यक कागजात जुटाउन केहि समय पर्खनुपर्ने हुनसक्छ।

अत्यन्त गरिब तथा महिला घरमूली भएका, वालवालिका मात्र रहेका, अपाङ्ता भएका लगायत जोखिममा रहेका परिवारका लागि सरकारले रु. २ लाख सम्मको २ प्रतिशत व्याजदरको सहुलियत ऋण विना धितो उपलब्ध गराउने बारेमा आवास उपसमितिमा छलफल भएको छ। तर, हालसम्म निर्णय भएको छैन।

त्रिलोचन पङ्गेनी
प्रवक्ता
नेपाल राष्ट्र बैंक
९८५११००२६८

# सवाल



## गोरखा

### सिमजुङ

"चिसो बढेर समस्या भएको छ। अस्थायी टहरामा बस्दा बालबालिकालाई चिसोबाट जोगाउन समस्या भएको छ।"

### नामजुङ

"जाडोबाट बच्ने सामग्री खरिद गर्न केहि पैसा दिन्छन् रे भन्ने हल्ला छ।"

## पिपलडाँडा, सिन्धुपाल्चोक

"टहराको दैनिकि निकै कष्टकर बनिरहेको छ। चिसो दिनानुदिन बढ्दै छ। घरमा जाडोको लागि ओढ्ने सिरक छैन। रातभर जस्ताको सित चुहिएर चिसोले टाउको दुखी सुत्न सकिन्न।"

## भिमेश्वर, दोलखा

"अस्थायी आवासमा अत्याधिक चिसो हुन थालेको छ।"

## भिमफेदी, मकवानपुर

"जाडो बढेको कारण उनीहरु चिन्तित देखिन्छन्।"

# जवाफ

आवास उपसमिति अन्तरगत कार्यरत केहि संघसंस्थाहरूले भूकम्प-प्रभावित जिल्लाका १५00 मिटर भन्दा माथिको उचाइमा बसोबास गर्ने जोखिममा रहेका परिवारलाई जाडोका सामग्री वितरण गर्न शुरु गरेका छन्। संस्थाहरुले जाडोका सामग्रीको सट्टा सोहि सामान बराबरको नगद सहयोग पनि गर्न सक्छन्।

सामान्य जाडोका सामग्रीमा टोपी, ज्याकेट, ब्ल्याङ्केट, डस्ना र भित्तो तातो पार्ने त्रिपाल लगायतका सामान पर्छन्। २000 मिटर भन्दा माथिका उचाइमा बसोबास गर्ने परिवारले भने सुधारिएको चुलो र सौर्य बत्ती पनि पाउन सक्छन्।

उचाइ देखाउने नक्सा अनुसार गोरखाको सिमजुङ र नामजुङ जाडोका सामग्री पाउन योग्य छैनन्। दोलखाको भिमेश्वर र मकवानपूरको भिमफेदीका केहि भाग भने जाडोका सामग्री पाउन योग्य छन्।

दोलखा र मकवानपूरमा भने संघसंस्थाले जाडोका सामग्री वितरण शुरु गरेका छैनन्।

गोरखामा जिल्ला दैवि प्रकोप उद्दार समितिले संघ संस्थाहरुलाई २३ गाविसमा जाडोका सामग्री वितरण गर्न स्वीकृति दिएको छ। ६ वटा उत्तरी गाविसमा वितरणको कार्य शुरु भएको छ।

नाकामा भएको अवरोधका कारण सामानहरुको आपूर्ति र ढूवानी गर्न कठिनाई भएकोले जाडोका सामग्रीमा समेटिनु पर्ने सबै सामान वितरण गर्न नसकिएको र वितरणमा ढिलाई भइरहेको जानकारी दिइएको छ। जाडोको सामग्री वितरण सम्बन्धि जिल्लाको प्राथमिकता लगायतका जानकारीका लागि जिल्ला विकास समितिमा सम्पर्क गर्नुहोस्।

काठ, पराल, म्याट आदिको प्रयोग गरेर ओछ्यान अग्लो पार्ने र भित्ता र छानोको भित्रपटि उपलब्ध भएसम्म त्रिपाल, गुन्द्री, खर आदिले ढाकेर पनि चिसो छेक्न सकिन्छ। आगो बालेर ताप्नुहुन्छ भने हावा छिर्ने ठाउँ वा झ्याल राखेर मात्र ताप्नुहोस्।

जिवनाथ पौडेल
गैरसरकारी संस्था संयोजक
गोरखा
९८५६०५०५५७

जिनेब भाबी
सूचना व्यवस्थापन अधिकृत
आवास उपसमिति
९८१०१७३९६३

## सवाल



### गोरखा बजार गोरखा
"चार आना भन्दा कम जग्गामा घर बनाउन पाइँदैन भन्ने हल्ला छ।"

### गोरखा बजार, गोरखा
"नक्सा पास गर्न लाग्ने दस्तुर भूकम्प पिडितहरुका लागी छुट हुन्छ भन्ने हल्ला छ।"

### आँप पिपल, गोरखा
"घर भूकम्पले पूर्ण रुपमा क्षती भएको छ। अब मैले गोरखा जिल्ला भन्दा अन्यत्र जिल्लामा घर बनाए भने सरकारले दिने २ लाख पाउँछु कि पाउँदिन।"

## जवाफ

गाविस र नगरपालिकाले भूकम्प पिडित परिवारलाई नक्सा पास गर्दा लाग्ने दस्तुर छुट दिने वा नदिने निर्णय गर्न सक्छन्। अधिकांश गाविसहरुले अहिलेसम्म नक्सा पासको व्यवस्था गरेका छैनन्।

परिवारले भूकम्प जानु अघि बसोबास गरेको भन्दा फरक प्रशासकीय इकाईमा घर बनाउने भएपनि सरकारले दिने रु. २ लाख सहयोग पाउन सक्छ तर त्यसका लागि दुबै तिरका गाविस/ नगरपालिकाले तपाईंको परिवारलाई सुविधा पाउन योग्य परिवारका रुपमा पहिचान गरेको हुनुपर्छ।

तपाईं सरकारी अनुदान पाउन योग्य हुनुहुन्छ भने तपाईंको नाम दुबैतिर लाभग्राहीको सुचीमा रहेको यकिन गर्नुहोस्।

सरकारले अनुदान वितरण गर्न शुरु गर्नु अघि सहयोग वितरणको कार्यविधिमा परिवर्तन हुनसक्ने भएकोले पछिल्लो जानकारी नगरपालिकाका कार्यकारी अधिकृत वा गाविस सचिवबाट लिनुहोस्।

तपाईंले चार आना भन्दा कम जग्गामा पनि घर बनाउन सक्नुहुन्छ तर जग्गाको ३० प्रतिशत ठाउँ खुला राख्नु पर्ने हुनाले थोरै जग्गामा बनाउने घर निकै सानो हुनसक्छ।

पदम कुमार मैनाली
प्रवक्ता
शहरी विकास मन्त्रालय
९८५१००५२१९

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। कार्तिक १२ गते देखि गतेदेखि कार्तिक १८ गते सम्म ६ जिल्लाका करिव १५० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।
ओपन माइकको अर्को अंक, मंसीर ७ गते हुनेछ।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू
accountabilitylab
Local Interventions Group data-driven development
Internews